# रामधुनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## झुम्का, सुनसरी
## १ नम्बर प्रदेश

एकिकृत पर्यटन गुरु योजना तयार गर्ने कार्यका लागि परामर्शदाता छनौट गर्ने सम्बन्धी शिलबन्दी आशयपत्र माँगको सूचना

यस रामधुनी नगरपालिकाले नगरपालिकाको सम्पूर्ण क्षेत्र रामधुनी प्रयटक क्षेत्र रामधुनी वन तथा मन्दिरको परिसर , जुढि सिमसार, ईमानसिंह चेम्जोङ्ग पार्क ( रा.स. ताल), शंकरवेली सिमसार क्षेत्र, जुडी सिमसार क्षेत्र, प्रेम पार्क जस्ता अन्य अति महत्वपूर्ण क्षेत्र समेत समेट्ने गरी तयार गर्न लागेको एकीकृत पर्यटन गुरुयोजनाको लागि खुला प्रतिस्पर्धा द्वारा परामर्शदाता छनौट गर्नुपर्ने भएकोले ईच्छुक योग्य परामर्शदाता कम्पनी तथा फर्महरुबाट निम्न शर्तहरुको अधिनमा रही प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव को अलग अलग आसय पत्र मागको सुचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१. सिलबन्दी आशयपत्रका साथ सम्बन्धित निकायमा कम्पनी वा फर्म दर्ता गरेको प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि लगायत नियमानुसारका अन्य आवश्यक प्रमाणपत्रहरुका प्रतिलिपि समेत संलग्न राखी पेश गर्नुपर्नेछ ।

२. परामर्शदाता कम्पनी तथा फर्महरुले आफ्नो आसय पत्र सिलबन्दी गरी मिति २०७४।१०।१६ गते दिनको १२ बजेसम्म रामधुनी नगरपालिका कार्यालयमा दर्ता गरिसक्नुपर्नेछ । रितपुर्वक प्राप्त हुन आएका प्राविधिक प्रस्ताव सम्बन्धी आसयपत्रहरु सोही दिन दिनको २ बजे विभिन्न कार्यालयहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । उल्लेखित मितिमा सार्वजनिक बिदा पर्न गएमा त्यो मिति पछि लगत्तै कार्यालय खुल्ने दिनको सोही समय तालिका अनुसार नै दर्ता गर्ने र खोल्ने कार्य गरिने छ ।

३. एकिकृत पर्यटन गुरुयोजना निर्माण गर्दा श्रोत नक्शा तयार गरी सोही आधारमा गुरु योजना तयार गर्नुपर्ने छ ।

४. गुरु योजना तयार गर्दा विशेष गरी रामधुनी नगरपालिका स्थित रामधुनी क्षेत्रको पौराणिक आधार सहित धार्मिक क्षेत्रको सुन्दर नमूना प्रस्तुत होस् । त्यसैगरी पर्यटन क्षेत्रको प्रमुख केन्द्रको रुपमा रहेको ईमानसिंह चेम्जोङ्ग पार्क ( रास ताल), शंकरवेली सिमसार, जुडी सिमसार, प्रेमपार्क र यस नगरपालिका जनजाती र संस्कृती मुखरितको लागि उपयुक्त योजना समावेश हुनुपर्नेछ । सथै उक्त सबै क्षेत्रको एकिकृत गुरुयोजना तयार गर्नुपर्नेछ ।

५. आसय पत्रका साथ अन्य निम्नानुसारका कागजातहरु संलग्न गर्नुपर्नेछ ।
   क) पर्यटन विकास तथा गुरुयोजना सम्बन्धित प्रमाणित सामाग्रीको विवरण
   ख) परामर्शदाताले विगत पाँच बर्षसम्म गरेका कामहरुको विवरण
   ग)TOR मा उल्लेख भएका आवश्यक जनशक्तिहरुको विवरण

६. तोकिएको समय अवधिभित्र कार्यालय समयमा प्राप्त हुन नआएका तथा रित पुरा नगरी प्राप्त हुन आएका आसय पत्र उपर कुनै कारवाही हुनेछैन ।

८. आसयपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार रामधुनी नगरपालिकामा सुरक्षित रहने छ ।

९. आसय पत्रका साथ आफ्ना अनुभवका प्रमाणपत्र, सवल प्राविधिक पक्षहरुको विवरण तथा अन्य यस संग सम्बन्धित विवरण । र व्यहोराहरु स्पष्ट रुपमा खुलाई आसय पत्र दर्ता गर्नुपर्नेछ ।

१०. प्राविधिक रुपमा योग्य ठहरिने परामर्शदाता, कम्पनी तथा फर्महरुको आर्थिक प्रस्ताव मात्र नियमानुसार खोली प्रतिस्पर्धामा सामेल गराइनेछ ।

११. अन्य सम्पूर्ण कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

१२. यस सम्बन्धी TOR यस नगरपालिकाको वेवसाइटमा राखिनुका साथै अन्य केही कुराहरु बुझ्नु परेमा कार्यालय समय भित्र ०२५-५६२००५ र ०२५-५६२५६६ मा सम्पर्क गर्ण्न सकिनेछ ।

रामधुनी न.पा.